# नेपाल राजपत्र

नेपाल सरकारद्धारा प्रकाशित

**नेपाल सरकार**

**पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको**

**सूचना**

**विमानस्थल दस्तुर (पाँचौ संशोधन) नियमावली, २०६६**

विमानस्थल दस्तुर नियमावली, २०३८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गैर सैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "विमानस्थल दस्तुर (पाँचौ संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली २०६५ फागुन १८ गते देखि प्रारम्भ भएको मानिनेछ ।

२. **विमानस्थल दस्तुर नियमावली, २०३८ को नियम १७ मा संशोधनः** विमानस्थल दस्तुर नियमावली, २०३८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १७ को उपनियम (५) पछि देहायका उपनियम (६), (७), (८),(९), (१०), (११), (१२), (१३), (१४), (१५) र १६ थपिएका छन्:-

"(६) अन्तर्राष्ट्रिय विमानस्थलको अन्तरार्ष्ट्रिय उडानको यात्रुले यात्रु सेवा सुविधा दस्तुर हवाई टिकट खरिद गर्दाकै वखत वायु सेवा सञ्चालन संस्थालाई बुझाउनु पर्नेछ ।

(७) वायुसेवा सञ्चालन संस्थाले वायुयान उडान गर्नु अगावै यात्रु विवरण तथा उपनियम (६) बमोजिम यात्रु सेवा सुविधा दस्तुर वापत प्राप्त रकमको विवरण त्यस्तो विमानस्थल कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) उपनियम (६) बमोजिमको विमानस्थल कार्यालयले उपनियम (७) बमोजिम प्राप्त विवरणका आधारमा वायु सेवा सञ्चालन संस्थाले अघिल्लो महिनामा यात्रुबाट लिएको यात्रु सेवा

सुविधा दस्तुर वापतको रकम बुझाउनको लागि ग्रिगोरियन क्यालेण्डर अन्तर्गत हरेक महिनाको एक तारेखका दिन सम्बन्धित वायुसेवा सञ्चालन संस्थालाई विल जारी गर्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम विल जारी भएको मितिले एक्काईस दिनभित्र सम्बन्धित वायुसेवा सञ्चालन संस्थाले विल बमोजिमको रकम त्यस्तो विमानस्थल कार्यालयलाई बुझाउनु पर्नेछ ।

(१०) कुनै वायु सेवा सञ्चालन संस्थाले उपनियम (९) बमोजिमको अवधिभित्र त्यस्तो रकम नबुझाएमा प्रत्येक दिनको लागि बिल बमोजिमको रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशतको दरले विलम्व दस्तुर लाग्नेछ।

(११) उपनियम (८) बमोजिम विल जारी भएको मितिले पन्ध्र दिनभित्र रकम बुझाउने वायु सेवा सञ्चालन संस्थाले मूल्य अभिवृद्धि कर बाहेकको बिल रकममा तीन प्रतिशत छूट पाउनेछ ।

तर अघिल्लो महिनाको यात्रु सेवा सुविधा दस्तुर नबुझाउने वायु सेवा सञ्चालन संस्थाले त्यस्तो छूट पाउने छैन ।

(१२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि चार्टर उडान सञ्चालन गर्ने वायु सेवा सञ्चालन संस्थाले वायुयान उडान गर्नु अगावै यात्रु सेवा सुविधा दस्तुर सम्बन्धित विमानस्थल कार्यालयलाई बुझाउनु पर्नेछ ।

(१३) विमानस्थल कार्यालयले वायु सेवा सञ्चालन संस्थाबाट त्यस्तो संस्थाको स्वीकृत उडान तालिका बमोजिम प्रत्येक उडानको सिट क्षमताको आधारमा एक महिनाको यात्रु सेवा सुविधा दस्तुर अग्रिम धरौटीको रुपमा माग गर्न सक्नेछ ।

(१४) वायु सेवा सञ्चालन संस्थाले यात्रु सेवा दस्तुर वापतको रकम नेपाली रुपैयाँमा बुझाउनु पर्नेछ ।

(१५) वायु सेवा सञ्चालन संस्थाले यात्रुबाट प्राप्त गरेको यात्रु सेवा सुविधा दस्तुरको लेखा अद्यावधिक गरी राख्नु पर्नेछ र सोको विवरण प्रत्येक महिना भुक्तान भएको सात दिनभित्र सम्बन्धित विमानस्थल कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१६) यात्रु सेवा सुविधा दस्तुर असुल गर्ने सम्बन्धी अन्य व्यवस्था विमानस्थलको प्रमुखले निर्धारण गरे बमोजिम हुनेछ ।”

३. **<u>मूल नियमावलीको नियम १८ मा संशोधन:</u>** मूल नियमावलीको नियम १८ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

“(१) कुनै वायुसेवा सञ्चालन संस्थाले नियम १७ को उपनियम (४) बमोजिमको म्यादभित्र वा उपनियम (९) बमोजिमको म्याद नाघेको साठी दिनभित्र दस्तुर नबुझाएमा विमानस्थल प्रमुखले त्यस्तो संस्थाको वायुयानको उडानमा रोक लगाउन सक्नेछ।”

४. **झिकिएको**:: मूल नियमावलीको ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ।

**आज्ञाले,**

(रञ्जनकृष्ण अर्याल)

नेपाल सरकारको निमित्त सचिव